# नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकता

**सुरेन्द्र कुमार बम**

उपप्राध्यापक : जगन्नाथ बहुमुखी क्याम्पस, बैतडी

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

**surendrabam25@gmail.com**

**लेखसार**

*नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकतालाई प्राज्ञिक समस्याका रूपमा लिई बहुभाषिक पाठ्यक्रमका सान्दर्भिकता पहिल्याउनु प्रस्तुत अध्ययनको मुख्य उद्देश्यतर्फ केन्द्रित भई प्रस्तुत लेख तयार पारिएको छ। भाषिक, सांस्कृतिक तथा जातीय विविधता नै नेपालको विशेषता रहेको छ। यहाँका अधिकांश विद्यालयमा एकभन्दा बढी मातृभाषाका विद्यार्थीहरू रहेका पाइन्छन्। मनोवैज्ञानिक तथा बाल अधिकारको सम्मानका दृष्टिले बालकको मातृभाषामा शिक्षा दिनु सबैभन्दा उपयुक्त र आवश्यक हुन्छ। बहुभाषिक शिक्षाले विद्यार्थीको सिर्जनात्मक क्षमता, बौद्धिक विकास, सामाजीकरण तथा भाषिक लचकतामा वृद्धि हुने कुरा विभिन्न अध्ययनबाट देखिएको छ। नेपालले संवैधानिक, कानुनी तथा नीतिगत रूपमा मातृभाषामा शिक्षा सुनिश्चित गरिसकेकाले त्यसको प्रभावकारी कार्यान्वियनका लागि बहुभाषिक पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्नु अत्यन्त सान्दर्भिक देखिन्छ। मातृभाषामा गुणस्तरीय शिक्षा प्रदान गर्न, बालबालिकाको संज्ञानात्मक विकासमा टेवा पुऱ्याउन, विभिन्न भाषा तथा संस्कृतिको पहिचान र संरक्षणमा मद्दत गर्न, शिक्षामा जनसहभागिता बढाउन, वास्तविक शिक्षा प्रदान गर्न, आफ्नै भाषामा रमाइ रमाइ सिक्ने बालमैत्री वातावरण सिर्जना गर्न विभिन्न मातृभाषामा पाठ्यक्रम निर्माणको आवश्यकता रहेको देखिन्छ। प्रस्तुत लेखमा मूलतः नेपालको भाषिक अवस्था र बहुभाषिक शिक्षाका लागि गरिएका नीतिगत व्यवस्थाका आधारमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकताको चर्चा गरिएको छ।*

**मुख्य शब्दावली:** *मातृभाषामा शिक्षा, बहुभाषिक शिक्षा, बहुभाषिक पाठ्यक्रम निर्माण, भाषिक अवस्था, नीतिगत व्यवस्था*

## पृष्ठभूमि

बहुभाषिकता समाजमा पाइने भाषिक व्यवहार हो। व्यक्तिगत रूपमा दुई वा दुईभन्दा बढी भाषा जान्नु व्यक्तिगत बहुभाषिकता हो भने समाज वा समुदाय नै बहुभाषिक हुनु सामाजिक बहुभाषिकता हो। व्यक्तिगत बहुभाषिकताभन्दा सामाजिक बहुभाषिकता प्रभावशाली हुन्छ। सामाजिक अथवा सामुदायिक तहको बहुभाषिकताले पारिवारिक, सामुदायिक, क्षेत्रीय र स्थानीय स्तरमा मात्र नभई देशभित्र र देशबाहिरका एकभन्दा बढी ठाउँहरूमा समेत आपसी सम्पर्क सञ्जाल निर्माण गर्नमा विशेष भूमिका खेलेको पाइन्छ (पौडेल, २०७४, पृ. २०)। बहुभाषिक समाजका हुर्केबढेका व्यक्तिका लागि आफ्नो मातृभाषा बाहेक अर्को भाषा सिक्नु

सामाजीकरणकै एक अङ्गका रूपमा रहेको हुन्छ। बालकले सर्वप्रथम आफ्नो घरपरिवारमा बोलिने भाषा अर्थात् मातृभाषा सिक्दछ। मातृभाषा नै आपसी सञ्चार तथा ज्ञानार्जनको सरल, सहज र सुगम माध्यम हुन्छ। जन्मजात परिचित भाषाभन्दा भिन्न भाषामा शिक्षा दिदा बालमनोविज्ञानमा नकारात्मक असर पर्दछ। संसारका अनुभवहरूले मानिसका भाषिक तथा सांस्कृतिक सम्पदालाई अस्वीकार गर्नु र दवाउनु नै विभाजन तथा सङ्घर्षका प्रमुख कारण भएको देखाएका छन्। त्यसैले विश्वव्यापी रूपमा मानव अधिकार, बाल अधिकार, अल्पसङ्ख्यक अधिकार, आदिबासी अधिकार आदि विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूले भाषाका आधारमा भेदभाव नगरिने र प्रत्येकको भाषिक पहिचान तथा प्रयोगलाई कायम राख्ने नीति अवलम्बलन गर्ने उद्घोष गरेका छन्। यसैका आधारमा ती सन्धिसम्झौताका पक्ष राष्ट्रहरूले आ–आफ्ना संविधान, ऐन, नियम, पाठ्यक्रम आदिमा बहुभाषिक शिक्षासम्बन्धी नीतिगत व्यवस्था गरेको पाइन्छ। यसरी बहुभाषिक शिक्षा विश्वले स्वीकार गरेको तथा अवलम्बन गरेको अवधारणा हो। नेपालको संविधान २०४७ ले सर्वप्रथम प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन पाउने व्यवस्था गरेपछि वि.सं. २०५० सालको प्राथमिक शिक्षा पाठ्यक्रमले विषयका रूपमा मातृभाषाको शिक्षा समावेश गरेको पाइन्छ। वि. सं. २०५७ मा प्राथमिक तहमा मातृभाषाका माध्यमले पठनपाठन गर्न सकिने भनी शिक्षा ऐनमा संशोधन भएपछि नेपालमा बहुभाषी शिक्षाको थालनी भएको पाइन्छ। यसरी बहुभाषिक मुलुक नेपालमा आदिवासी जनजातिहरूले आफ्नो मातृभाषामा शिक्षा पाउनु पर्छ भन्ने मागको केही हदसम्म सम्वोधन भएको देखिन्छ। नेपालको संविधान २०७२ ले मातृभाषाका रूपमा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा स्थापित गरेको छ। यसलाई व्यवहारमा कार्यान्वयन गर्न बहुभाषिक पाठ्यक्रम निर्माणको टड्कारो आवश्यकता र सान्दर्भिकता रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धानअन्तर्गत दस्तावेज विश्लेषणमा आधारित रहेको छ। अनुसन्धानात्मक लेख तयारीका क्रममा पुस्तकालयीय अध्ययन प्रक्रियाका माध्यमबाट शीर्षकसँग सम्बन्धित दस्तावेज, पुस्तक, जर्नल तथा अध्ययन प्रतिवेदनहरूबाट आवश्यक सामग्री सङ्कलन गरी वस्तुगत वर्णन तथा विश्लेषण गरिएको छ।

## परिणाम र छलफल

यस खण्डमा शीर्षकसँग सम्बन्धित सङ्कलित सामग्रीलाई विश्लेषण गरिएको छ। अध्ययनबाट प्राप्त परिणामलाई नेपालको भाषिक अवस्था, मातृभाषामा शिक्षा र बहुभाषिक शिक्षा, नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको नीतिगत व्यवस्था, नेपालमा मातृभाषामा शिक्षाका लागि भएका प्रयास र नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकता आधारमा बेग्लाबेग्लै उपशीर्षकमा राखी व्याख्या विश्लेषण गरिएको छ।

### नेपालको भाषिक अवस्था

नेपाल बहुभाषिक मुलुक हो। वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषा बोलिन्छन्। परिवारगत आधारमा नेपालमा बोलिने भाषाहरूमा भारोपेली परिवारका वक्ता सबैभन्दा बढी (८२.११ प्रतिशत) रहेका छन् भने त्यसपछि भोटबर्मेली परिवारका वक्ता (१७.३१ प्रतिशत) रहेका छन्। अन्य आग्नेली र द्रविड परिवारका वक्ता नगण्य रहेका छन्। अर्को लापोन्मुख कुसुण्डा भाषाको परिवार स्पष्ट भइनसकेको पाइन्छ। वक्ता सङ्ख्याका आधारमा नेपालमा एक लाखभन्दा बढी वक्ता भएका भाषा १९ वटा, दश हजारदेखि एकलाखसम्म वक्ता भएका भाषा ३० वटा, एक हजारदेखि दश हजारसम्म वक्ता भएका भाषा ३७ वटा र एक हजारभन्दा कम वक्ता भएका भाषा ३७ वटा रहेका छन् (यादव, २०७४)। यसरी नेपालमा प्रमुख १९ वटा भाषाका करिव ९६ प्रतिशत वक्ता र

बाँकि १०४ भाषाका ४ प्रतिशत मात्र वक्ता रहेका छन्। धेरैजसो भाषाभाषीहरू पृथक पृथक भौगोलिक परिवेशमा रहे पनि एकअर्का भाषाभाषीबाट प्रायः अन्तर्मिश्रित एवम् अन्तः संक्रमित भएर रहेको पाइन्छ (अधिकारी, २०६२, पृ.४४)। नेपालमा अभिकांश ठाँउमा विभिन्न भाषाका वक्ताहरूको जनसङ्ख्या छरिएर रहेको पाइन्छ भने केही स्थानमा खासखास भाषाका वक्ताहरूको सघन उपस्थिति पाइन्छ। जातजातिका आधारमा भाषालाई हेर्दा धेरै जाति एक साझा भाषाका रूपमा १० जातिले नेपाली, एक जाति एक भाषाका रूपमा ५३ जाति, एक जाति एकभन्दा बढी मातृभाषाका रूपमा ५ जाति, एक जाति तर स्थान अनुसार भिन्न मातृभाषाका रूपमा ४० जाति र जातिभाषाको पहिचान गर्न नसकिएका १७ जाति रहेका छन् (रेग्मी, सन् २०१७)। यसरी नेपालमा नेपाली भाषा धेरै जातिको साझा भाषाका रूपमा रहेको पाइन्छ भने धेरैजसो जातिका आ–आफ्नै जातीय भाषा रहेका पाइन्छन्। नेपालको अधिकांश जनसङ्ख्या (१ करोड ५६ लाख मानिसहरू, ५९%) एकभाषी भएको र बाँकि एक करोड १० लाख मानिसहरू (४१%) ले कम्तीमा दुईवटा भाषा बोल्ने गरेको हालको जनगणनाले देखाएको छ (सील, यादव र कँडेल, २०७३ पृ. २७)। यसबाट नेपालका विद्यालयमा एकभाषी र बहुभाषी दुवै किसिमका विद्यार्थीहरूको उपस्थिति रहेको देखिन्छ।

## मातृभाषामा शिक्षा र बहुभाषिक शिक्षा

मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाको रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ (शैजविके, २०७२, पृ.४)। बालबालिकाले घरपरिवारमा बोल्ने मातृभाषाका माध्यमबाट विद्यालयमा शिक्षण सिकाइ गराउनुलाई 'मातृभाषामा शिक्षा' भनिन्छ र मातृभाषा विषयको रूपमा शिक्षण सिकाइ गराइने पद्धतिलाई 'मातृभाषाको शिक्षा' भनिन्छ (तामाङ, २०६९, पृ.९३–९४)। विद्यार्थीले कक्षामा निर्धक्क ढङ्गले आफ्नो मातृभाषामा बोल्न पाउनु, कुराकानी, छलफल गर्न पाउनु, पढ्न सिक्न पाउनु मातृभाषामा शिक्षा हो। नेपालका सन्दर्भमा मातृभाषामा शिक्षा भनेको पाठ्यक्रमले तोकेका विषयहरू जस्तैः सामाजिक अध्ययन, गणित, विज्ञान आदिलाई विद्यार्थीको मातृभाषाका माध्यमले शिक्षण सिकाइ गराउनु हो (शैजविके, २०७२)। भाषा विषयबाहेक अन्य विषय मातृभाषामा पढाउनु र भाषा विषयमा समेत आवश्यकताअनुसार विद्यार्थीको मातृभाषा प्रयोग गरेर बुझाउनुलाई मातृभाषामा शिक्षा भनिएको पाइन्छ। मातृभाषामा शिक्षाका लागि कक्षामा भएका विद्यार्थीले बोल्ने भाषाअनुसार एकल भाषा वा बहुभाषाको प्रयोग गर्ने गरिन्छ। कक्षामा एउटै मातृभाषाका विद्यार्थीहरू छन् र त्यही भाषाका माध्यमले शिक्षण सिकाइ हुन्छ भने त्यसलाई मातृभाषामा शिक्षा भनिन्छ। विद्यालयका एउटै कक्षामा फरक फरक मातृभाषा बोल्ने विद्यार्थीहरू छन् र त्यहाँ विद्यार्थीको मातृभाषाअनुसार विभिन्न भाषाको प्रयोग गरिन्छ भने त्यसलाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा भनिन्छ। मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सरल भाषामा बहुभाषिक शिक्षा भन्ने गरिएको छ (शैजविके, २०७२)। यसरी बहुभाषिक शिक्षा विद्यार्थीहरूलाई उनीहरूकै मातृभाषामा शिक्षा दिने प्रक्रियाका रूपमा रहेको पाइन्छ।

## नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको नीतिगत व्यवस्था

मातृभाषामा शिक्षाका लागि नेपालको संविधान, ऐन, नियम, शैक्षिक योजना, पाठ्यक्रम आदिमा नीतिगत व्यवस्था गरिएको पाइन्छ। त्यसैगरी मातृभाषामा शिक्षासँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूमा नेपालले हस्ताक्षर गरेको छ। नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत (धारा ३१.५) "नेपालमा बसोबास बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने

र सञ्चालन गर्ने हक हुनेछ" भन्ने प्रावधान राखिएको छ। यसै संविधानको धारा ५१ राज्यका नीतिहरूअन्तर्गत उपधारा (५) मा "बहुभाषिक नीति अवलम्बन गर्ने" उल्लेख गरिएको छ। शिक्षा ऐन २०२८ (संशोधन सहित) को शिक्षाको माध्यम (दफा ७.२क) मा "प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ" भन्ने प्रावधान राखिएको छ। त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ लाई विद्यालय शिक्षाको मूल दस्तावेज मानिएको छ। यसमा केन्द्रीय खाकाका आधारमा विद्यालय नै पाठ्यक्रम तथा सम्बद्ध सामग्री विकास, छनौट र व्यवस्थापन गर्न सक्षम हुने व्यवस्था उल्लेख गरिएको छ। यसमा पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरूमा स्थानीय आवश्यकतामा आधारित पाठय्क्रम निर्माण कार्यलाई जोड दिइएको छ (तामाङ, २०६९)।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ को शिक्षाको माध्यममा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ भनिएको छ। त्यसैगरी पाठ्क्रमको ढाँचामा कक्षा १–५ सम्म स्थानीय/मातृभाषा विषयको व्यवस्था गरी पाठ्यभार ४ र पूर्णाङ्क १०० तोकिएको छ। यसमा विद्यालयले पठनपाठन हुने मातृभाषाको छनौट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनौट गर्नुपर्ने, मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोतकेन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने उल्लेख गरिएको छ। साथै पाठ्यक्रममा स्थानीय अंश: सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैले निर्माण गर्न सक्नेछन् भनिएको छ।

बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ को परिच्छेद ६ मा पाठ्यक्रम तथा पाठ्यसाग्रीको व्यवस्था गरिएको छ। यसको बुँदा १७.१ मा "सामान्यतया मातृभाषा शिक्षा कार्यान्वयन भएको विद्यालयमा बालबालिकालाई शिक्षणको माध्यम मातृभाषामा लेखिएका पाठ्यक्रम, पाठ्यपुस्तक एवम् अन्य सामग्री स्थानीय तहमै निर्माण गर्न सकिने छ भनिएको छ।" बुँदा १७.३ मा "विषयका रूपमा मातृभाषाको पाठ्यक्रम विद्यालयले तयार गरी कार्यान्वयन गर्नेछ भन्ने उल्लेख गरिएको छ।" त्यसैगरी बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिकाका विभिन्न बुँदाहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणका प्रक्रियाका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ। आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा भाषा तथा संस्कृतिसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ६ (छ) मा "कम्तीमा प्राथमिक तहसम्म आदिवासी/जनजातिको मातृभाषा पढाउने गरी विद्यालय स्थापना गर्ने" उल्लेख गरिएको छ। यसरी राष्ट्रिय पाठ्यक्रमको मूल खाका सरकारले बनाउने र त्यसअन्तर्गत स्थानीय/मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विद्यालय आफैले बनाउन सक्ने नीतिगत व्यवस्था गरिएको पाइन्छ।

नेपालले भाषाका आधारमा भेदभाव नगरिने तथा मातृभाषामा शिक्षा दिइनेसम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूमा हस्ताक्षर गरेको छ। नेपालले हस्ताक्षर गरेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा भाषा तथा संस्कृतिसम्बन्धी व्यवस्थाको धारा २ मा "जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभावविना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुने छ" भन्ने प्रावधान राखिएको छ। आदिवासी जनजातिसम्बन्धी महासन्धि १९९९ मा भाषा तथा संस्कृतिसम्बन्धी व्यवस्थाअन्तर्गत धारा (२८.१) मा "सम्बन्धित जनताका बालबालिकाहरूलाई व्यवहारिक भएसम्म निजहरूको आफ्नै मातृभाषा वा निजको समूहबाट सबभन्दा बढी बोलिने भाषामा पढ्न र लेख्न सिकाइने छ" भन्ने प्रावधान राखिएको छ।

आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (२००७) को धारा (१४.१) मा "आदिवासीहरूलाई आआफ्नै मातृभाषाहरूमा आआफ्नै सांस्कृतिक तौरतरिकाबाट सिक्ने र सिकाउने, आआफ्ना शैक्षिक प्रणाली र संस्थाहरूको स्थापना गर्ने र नियन्त्रण गर्ने अधिकार छ" भन्ने प्रावधान राखिएको छ। यसरी मातृभाषामा शिक्षासम्बन्धी नेपाल सरकारले नीतिगत रूपमा स्पष्ट व्यवस्था गरेको पाइन्छ।

**नेपालमा मातृभाषामा शिक्षाका लागि भएका प्रयास**

वि.सं. २०४७ को संविधानले पहिलो पटक नेपाली भाषालाई राष्ट्रभाषा र नेपालमा मातृभाषाका रूपमा बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता दिएर प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरेको पाइन्छ। त्यसपछि वि.सं. २०५० मा बनेको प्राथमिक शिक्षा पाठ्यक्रममा विषयका रूपमा मातृभाषा पठनपाठन गराउन सकिने व्यवस्था भएअनुसार कतिपय विद्यालयले यस विषयको पठन पाठन गराउँदै आएका छन् (शैजविके, २०७२)। पाठ्यक्रम विकास केन्द्रले २०७५ सम्म मैथिली, भोजपुरी, अवधि, थारु, तामाङ, नेवार, लिम्बू, राई बान्तवा, राई चाम्लिङ, शेर्पा, मगर, गुरुङ, सुनुवार, राजबंशी, मुगाली, याक्खा, थारु (मध्य क्षेत्र), तामाङ (सम्भोटा), धिमाल, मगर (अठार मगरात), बज्जिका, कुलुङ, चेपाङ, खालिङ राई र माझी गरी २५ भाषा विषयका कक्षा १–५ सम्मका पाठ्यपुस्तक निर्माण गरेको पाइन्छ। प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले स्थानीय/ मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय स्तरबाटै निर्माण गर्न सकिने व्यवस्था गरेकाले जिल्लागत तथा क्षेत्रगत रूपमा विभिन्न भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरेर पठन पाठन भइरहेको पाइन्छ। यस कार्यमा पाठ्यक्रम विकास केन्द्रले सहयोग पुऱ्याइरहेको देखिन्छ।

वि.सं. २०६४ सालदेखि २०६६ सालसम्म फिनल्याण्ड सरकारको सहयोगमा कञ्चनपुर, पाल्पा, रसुवा, धनकुटा, सुनसरी र झापा जिल्लाका सात ओटा विद्यालयमा क्रमशः राना थारु, मगर, तामाङ, आठपहरिया राई, पुर्वेली थारु, उराँव, राजबंशी र सन्थाल सहित आठ ओटा भाषामा बहुभाषी शिक्षा कार्यक्रम परीक्षण गरिएको थियो (शैजविके, २०७२)। यस कार्यक्रममा स्थानीय स्तरबाटै पाठ्यसामग्री विकास र प्रयोगमा जोड दिएको पाइन्छ। यस परीक्षणबाट बहुभाषी शिक्षाका माध्यमले विद्यालयप्रति विद्यार्थी आकर्षित भएका र बिचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या नियन्त्रणमा सहयोग पुगेको, विद्यालयप्रति जनसहभागिता बढेको, एउटा कक्षामा तीन भाषासम्म प्रयोग भएको, विद्यार्थी सङ्ख्या कम भएका भाषामा बढी भाषाको प्रयोग सहज देखिएको, मातृभाषामा आधारित बहुभाषिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमको अहम् भूमिका हुने (शिक्षा विभाग, २०६९) आदि सबल पक्ष देखिएका छन्। यसबाट बहुभाषिक पाठ्यक्रम निर्माण आवश्यक रहेको देखिएकाले शिक्षा मन्त्रालयले बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ र शिक्षा विभागले मातृभाषामा आधारित बहुभाषिक शिक्षा परिचय पुस्तिका २०६९ तथा बहुभाषिक शिक्षासम्बन्धी ब्रुसरहरू प्रकाशित गरेको पाइन्छ। त्यसैगरी शैक्षिक जनशक्ति विकास केन्द्रले नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री २०७२ लगायत तालिम सामग्री निर्माण गरेर बहुभाषी शिक्षासम्बन्धी शिक्षक तालिम सञ्चालन गर्दै आएको पाइन्छ। हाल बहुभाषिक शिक्षा कार्यक्रम नेपाल सरकार तथा अन्य संघ संस्थाको पहलमा विभिन्न जिल्लाका देशैभरका विद्यालयहरूमा विस्तार भएको पाइन्छ। आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम २०७६ ले स्थानीय विषयअन्तर्गत मातृभाषालाई समावेश गरेको छ र स्थानीय विषय स्थानीय तहले छनोट गर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ निर्माण गरिएको छ। यसमा मातृभाषा पाठ्यक्रमको अवधारणा,

विद्यमामन अवस्था, मातृभाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको ढाँचा, विकास र कार्यान्वयनसम्बन्धी विभिन्न कुराहरू स्पष्ट पारिएको छ।

**नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकता**

नेपाल बहुभाषिक देश भएकाले यहाँका अधिकांश विद्यालयमा विभिन्न भाषाका विद्यार्थीहरूको उपस्थिति हुनु स्वभाविक देखिन्छ। विद्यालय जाने उमेरका अधिकांश बालबालिकाहरूले आफ्नो मातृभाषा मात्र जानेका हुन्छन्। उनीहरूले मातृभाषामा आफ्नो घरपरिवार, रहनसहन, रीतिरिवाज आदिका बारेमा न्यूनतम जानकारी हासिल गरेका हुन्छन्। त्यसैले विद्यालयमा मातृभाषामा शिक्षण भए बालबालिकाहरूलाई बुझ्न सजिलो हुन्छ भने दोस्रो भाषामा पठनपाठन भए उनीहरूलाई बुझ्न कठिन हुन्छ। उनीहरू सहज ढङ्गले दोहोरो कुराकानी गर्न सक्दैनन्। यसै सन्दर्भमा यादव र ढकाल (२०६८) का अनुसार अवस्थी (सन् २००४) ले गरेको विद्यावारिधि शोधले बहुभाषिक कक्षामा नेपाली भाषाका माध्यमले मात्र पढाइ रहेको समयमा नेपाली मातृभाषी विद्यार्थीहरू सक्रियताका साथ भाग लिइरहेका, रमाइरहेका तर अरू मातृभाषी केही विद्यार्थीहरू कुनामा झोक्राएर चुपचाप बसीरहेको देखाएको छ। यसको अर्थ ती बालबालिकाहरूले केही सिक्न नसकेको र उनीहरूमा मानसिक आघात परेको देखिन्छ। यसबाट नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माण सान्दर्भिक रहेको पुष्टि हुन्छ। द्विभाषिकतासम्बन्धी पछिल्ला अध्ययनहरूले एकभाषिकहरूभन्दा द्विभाषिकहरूको बौद्धिक क्षमता माथिल्लो रहेको देखाएका छन् (अधिकारी, २०६२, पृ.३८)। द्विभाषिक बालकहरूमा संज्ञानात्मक विकास, सामाजीकरण, भाषिक लचिलोपन राम्रो भएको अध्ययनहरूको निष्कर्ष रहेको छ। नेपालमा बहुभाषिक शिक्षा परीक्षण कार्यक्रम वि.सं. २०६४–२०६६ ले पनि बहुभाषी शिक्षाका माध्यमले विद्यालयप्रति विद्यार्थी आकर्षित भएका, बिचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या कम भएको, विद्यालयमा जनसहभागिता बढेको, स्थानीय स्तरबाटै पाठ्यसामग्री विकास गर्न सकिएको, सीमान्तकृत समुदायको बसोबास भएको क्षेत्रमा मातृभाषामा शिक्षा बढी आवश्यक देखिएको र यस्ता क्षेत्रमा कार्यान्वयन पनि प्रभावकारी रहेको देखाएको छ ( शैजविके, २०७२)। माथिको चर्चाका आधारमा नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) बाल अधिकारको सम्मान गर्न** : बाल अधिकारसम्बन्धी महासन्धिको धारा ३० मा "बालबालिकालाई आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बञ्चित गर्न पाइने छैन" भन्ने प्रावधान राखिएको छ। विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा मातृभाषामा शिक्षा पाउनु बाल अधिकार हो भन्ने कुरा स्वीकार गरिएको छ। त्यसैले बाल अधिकारको सम्मान गर्न बालबालिकाहरूले जन्मसिद्ध नैसर्गिक रूपमा प्राप्त गरेको भाषामा शिक्षा दिने गरी पाठ्यक्रम निर्माण गर्नु आवश्यक छ। बालकले जानेको, बुझेको, सिकेको, धारणा विकास गरेको चिरपरिचित भाषामा शिक्षा दिन नेपाल जस्तो बहुभाषिक देशमा अत्यन्त सान्दर्भिक देखिन्छ।

**(ख) विद्यार्थीको संज्ञानात्मक विकासमा मद्दत पुऱ्याउन** : मातृभाषामा पाठ्यक्रम र शिक्षण हुँदा विद्यार्थीलाई बुझ्न, छलफल गर्न, सक्रिय रूपमा भाग लिन, एउटा विषयवस्तुको अर्कोसँगको सम्बन्ध थाहापाउन, विभिन्न वस्तुको धारणा बसाल्न सजिलो हुन्छ। यसरी क्रमशः सिकाइको आधार बन्दै र विस्तार हुँदै जान्छ। यसले विद्यार्थीको सोच विचार गर्ने संज्ञानात्मक क्षमतामा वृद्धि गर्न मद्दत गर्दछ। पछिल्ला अध्ययनले एकभाषिक बालकको भन्दा बहुभाषिक बालकको संज्ञानात्मक विकास राम्रो भएको पुष्टि गरेका छन्। अतः

विद्यार्थीको संज्ञानात्मक विकासमा मद्दत गर्न बहुभाषिक पाठ्यक्रम निर्माण सान्दर्भिक रहेको पाइन्छ।

(ग) **शैक्षिक उपलब्धि बढाउन** : मातृभाषामा निर्मित पाठ्यक्रमले विद्यार्थीको परिवेशका विषयवस्तु समेट्ने र ती आफ्नै भाषामा पढ्न, अन्तरक्रिया गर्न, नबुझेका कुरा सोध्न सक्ने हुनाले विद्यार्थीको सिकाइ प्रभाकारी हुन्छ। बहुभाषिक पाठ्यक्रममा आफ्नै घरपरिवार, समाजका परिचित रीतिरिवाज, भेषभुषा, पेसा व्यवसाय, गतिविधि, चाडपर्व, संस्कृति आदिको पठनपाठन आफ्नै मातृभाषामा गर्न सकिने भएकाले शैक्षिक उपलब्धि बढाउन मद्दत पुग्दछ।

(घ) **बिचैमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या घटाउन** : नेपालमा बिचैमा विद्यालय छोड्ने र कक्षा दाहोऱ्याउने स्थिति व्यापक रहेको छ। विद्यार्थीको मातृभाषामा शिक्षण हुँदा सिकाइमा सहजता हुन्छ। मातृभाषामा विद्यार्थीहरू कुनै धक नमानी रमाइ रमाइ सिक्न सक्ने भएकाले सिकाइमा रुचि लिन्छन् र विद्यालयप्रति आकर्षित हुन्छन्। उनीहरू पढाएको कुरा बुझ्छन्। त्यसैले नियमित विद्यालय आउन थाल्छन्। यसले बिचैमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या घटाउन सहयोग पुग्छ।

(ङ) **भाषा तथा संस्कृतिको पहिचान र संरक्षणमा मद्दत पुऱ्याउन** : मातृभाषामा पाठ्यक्रम निर्माण हुँदा त्यससँग सम्बन्धित पाठ्यसामग्री पनि निर्माण हुन्छन् र तिनको शिक्षण तथा पठनपाठन पनि हुन्छ। यस्ता पाठ्क्रममा स्थानीय पाठ्यवस्तु समावेश हुने हुनाले बालबालिकाहरूले आफ्नै भाषामा आफ्ना समुदायका रीतिरिवाज, चालचलन, भेषभुषा, चाडबाड, गीत, कथाव्यथा आदि कुरा थाहापाउँछन् र उनीहरूमा त्यसप्रतिको मोह बढ्छ। आफ्नो मातृभाषाको प्रयोग गर्न प्रेरित गर्न सकिन्छ। यसले भाषा तथा संस्कृतिको पहिचान र संरक्षणमा मद्दत पुग्छ।

(च) **मातृभाषाका पाठ्यक्रमबाट वास्तविक शिक्षा दिन** : आफ्ना समाज र संस्कृतिका मौलिक कुरा, पहिचान, परम्परा, जीवन पद्धति, असल आचरण, आफ्नो मातृभूमि, भाषा तथा संस्कृतिप्रतिको प्रेम जस्ता कुरा सिकाउन अर्को भाषाको पाठ्यक्रमले सक्दैन। ससाना बालबालिकालाई अर्को भाषामा शिक्षा दिदा कृतिम तथा बनावटी हुन्छ। आफ्नो भाषामा नभएका शब्दको धारणा बसाल्न कठिन हुन्छ। त्यसैले आफ्नोपन भएको मौलिक र वास्तविक शिक्षा दिन मातृभाषामा पाठ्यक्रम निर्माण सान्दर्भिक देखिन्छ।

(छ) **राष्ट्रिय एकतामा बल पुऱ्याउन** : बहुभाषिक पाठ्यक्रम निर्माणबाट विभिन्न भाषा तथा संस्कृतिको पहिचान र संरक्षणमा टेवा पुग्छ। विभिन्न भाषिक समुदायका व्यक्तिले आफ्नो मातृभाषामा शिक्षा दिदा आत्मसम्मान र आत्मगौरवको अनुभूति गर्छन्। हरेक भाषाभाषी समुदायले आफ्नो भाषामा पढ्न पाँउदा अपनत्वको महसुस गर्दछन्। यसले सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकतामा बल पुग्दछ।

(ज) **शिक्षामा जनसहभागिता बढाउन** : राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा शिक्षा नीतिले मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण स्थानीय स्तरमा र स्थानीय समुदायकै सहभागितामा हुने व्यवस्था गरेको छ। विद्यालयमा मातृभाषाको छनोट पनि स्थानीय समुदायको सहभागितामा हुन्छ। यसमा स्थानीय स्रोत सामग्री, स्थानीय जनशक्ति र विषयवस्तुलाई जोड दिने हुनाले जनसहभागिता बढी हुन्छ। यसले शिक्षामा स्थानीय समुदायको चासो, चिन्ता, सरोकार र संलग्नता बढाउन मद्दत पुग्छ।

**(झ) बालमैत्री शिक्षा प्रदान गर्न** : बालमैत्री शिक्षाको एउटा आधार भाषालाई पनि मानिएको छ। बालबालिका जब विद्यालय आउछन् उनीहरूका लागि भाषा पनि बालमैत्री हुनुपर्दछ। भाषिक अवरोधले सिकाइमा प्रत्यक्ष असर गर्ने हुनाले बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्दछ। मातृभाषामा शिक्षा दिदा बालबालिकाहरू रमाइ रमाइ पढ्ने, विद्यालयमा समायोजन हुन सजिलो हुने, शिक्षक र विद्यार्थीका बिचको दूरी कम हुने, विद्यार्थीमा डर, त्रास हटी उत्साह बढ्ने र कक्षाकोठाको वातावरण परिवारमैत्री बनाउन मद्दत पुग्दछ। यसरी मातृभाषाको पाठ्यक्रमबाट पूर्वपरिचित सामग्रीबाट छिटो र सहज ढङ्गले बालमैत्री शिक्षा दिन मद्दत पुग्दछ।

**(ञ) संवैधानिक तथा नीतिगत व्यवस्था कार्यान्वयन गर्न** : बालबालिकाले मातृभाषामा शिक्षा पाउने कुरालाई नेपालको संविधान २०७२ ले मौलिक हकका रूपमा स्थापित गरेको छ। त्यसैगरी शिक्षा ऐन (२०२८) तथा नियमावली ( २०५९ संशोधन सहित), प्राथमिक शिक्षा पाठ्यक्रम ( २०६३), विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२), बहुभाषिक शिक्षा कार्यान्वयन योजना ( २०६६) लगायत राष्ट्रिय तथा विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौताले बहुभाषिक शिक्षाको सुनिश्चिता गरेका छन्। तिनको कार्यान्वयनका लागि बहुभाषिक पाठ्यक्रम निर्माण आवश्यक देखिन्छ।

**(ट) भाषिक विविधतालाई सम्बोधन गर्न** : नेपाल बहुभाषिक राष्ट्र भएकाले कुनै एक भाषामा मात्र शिक्षा दिदा अन्य भाषामाथि अन्याय हुन्छ। यस्तो हुनु सामाजिक न्यायका दृष्टिले पनि उपयुक्त हुँदैन। संविधानले सबै भाषालाई भाषिक समानताको हक दिएकाले सबै भाषालाई सम्मान गर्न, पहिचान दिन, भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्धन गर्न, भाषिक आन्दोलन सम्बोधन गर्न बहुभाषिक पाठ्यक्रम निर्माण आवश्यक देखिन्छ।

**(ड) आधारभूत आपसी सञ्चार सिपको विकास गर्न :** मातृभाषा हरेक बालकले विद्यालय आउनुपूर्व घरपरिवारबाट नै सिकेको हुन्छ। त्यसैले आफ्नो मातृभाषामा उसले दाहोरो कुराकानी गर्न सक्दछ। ससाना बालबालिकालाई मातृभाषाबाहेक दोस्रो भाषामा शिक्षा दिदा उक्त भाषा उनीहरूले जानेका हुँदैनन्। त्यसैले अर्को भाषामा दोहोरो कुराकानी गर्न सक्दैनन्। उनीहरू कक्षामा निष्क्रिय स्रोताका रूपमा टोलाइ रहन्छन्। यसरी बालबालिकाको आधारभूत सञ्चार सिप विकास हुन सक्दैन तर मातृभाषामा शिक्षा दिदा विद्यार्थीहरू नबुझेका कुरा साथीभाइलाई सोध्ने, छलफल गर्ने, प्रश्न गर्ने गर्दछन्। अतः विद्यार्थीमा आपसी सञ्चार सिपको विकास गर्न बहुभाषिक पाठ्यक्रम निर्माण आवश्यक हुन्छ।

**निष्कर्ष**

नेपाल बहुभाषिक देश भएकाले यहाँका अधिकांश विद्यालयमा स्वभावैले भाषिक विविधता रहेको पाइन्छ। यही तथ्यलाई हृदयङ्गम गरी नेपालको संविधान २०७२ ले मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ भने शिक्षा ऐन तथा नियमावली, प्राथमिक शिक्षा पाठ्यक्रम, शैक्षिक योजना, नीति तथा कार्यक्रममा मातृभाषामा शिक्षा दिने सकिने कुरा सुनिश्चतता गरिएको छ। मातृभाषामा शिक्षा पाउने संविधान प्रदत्त मौलिक हकको सम्मान गर्न, बाल अधिकारको सम्मान गर्न, मातृभाषामा शिक्षाको नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न, भाषिक विविधताको सम्मान गरी सबै मातृभाषाको पहिचान, संरक्षण र सम्मान गर्न बहुभाषिक पाठ्यक्रम निर्माणको आवश्यकता र सान्दर्भिकता रहेको छ। मातृभाषामा शिक्षा दिदा बालबालिकाको संज्ञानात्मक विकासमा टेवा पुग्नुका साथै शैक्षिक उपलब्धिसमेत वृद्धि हुन्छ। बहुभाषिक पाठ्यक्रमबाट आआफ्नै मातृभाषामा मौलिक परम्परा, संस्कृति, चाडपर्व, रीतिरिवाज, स्थानीय आवश्यकताका कुरा सहज रूपमा सिकाउन

सकिन्छ। घरपरिवारबाटै चिरपरिचित भाषामा सिक्न पाउँदा विद्यार्थीहरू रमाइ रमाइ सिक्छन्। यसले विद्यालय नियमित नजाने, बिचैमा छोड्ने, कक्षा दाहोऱ्याउने जस्ता समस्या स्वभाविक रूपमा कम गर्न मद्दत पुग्दछ। त्यसैले मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको समन्वयात्मक प्रयास आवश्यक रहेको छ। विद्यालयलाई मात्र बहुभाषिक पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्ने जिम्मा दिनुभन्दा पाठ्यक्रम विकास केन्द्रको प्राविधिक तथा संघ र प्रदेशको आर्थिक सहयोगमा स्थानीय आवश्यकतामा आधारित भएर बहुभाषिक पाठ्यक्रम निर्माण गरी लागू गर्न स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्दछ। गुणस्तरीय बहुभाषिक पाठ्यक्रम निर्माणमा सम्बन्धित सबै पक्षको ध्यान जानु आवश्यक छ। बहुभाषिक पाठ्यक्रम निर्माणका सबल पक्ष मात्र नभएर थुप्रै चुनौती पनि रहेका छन्। बहुभाषिक पाठ्यक्रम किन, केका लागि, कस्तो, कुन तहसम्म, कसरी निर्माण गर्ने भन्ने कुरालाई राम्ररी विचार पुऱ्याउन सकिएन भने यसले दुर्घटना निम्त्याउन सक्छ। बहुभाषिक पाठ्यक्रम निर्माण चुनौतीपूर्ण भएपनि नेपाल जस्तो बहुभाषिक देशका लागि मातृभाषामा आधारित बहुभाषिक शिक्षा दिनका लागि उपयुक्त र सान्दर्भिक रहेको देखिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार।

कानुन किताब व्यवस्था समिति (२०७५), *नेपालको संविधान २०७२,* काठमाडौं : लेखक।

कानुन किताब व्यवस्था समिति (२०७५), *शिक्षा ऐन २०२८, शिक्षक सेवा आगोग नियमावली २०५७ र शिक्षा नियमावली २०५९,* काठमाडौं : लेखक।

तामाङ, अमृत योञ्जन (२०६९), *बहुभाषिक शिक्षाका कुरा,* टोकियो : तामाङ समाज जापान।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६७), *बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६,* काठमाडौं : लेखक।

नेपाल सरकार, शिक्षा विभाग (२०६९), *मातृभाषामा आधारित बहुभाषिक शिक्षा परिचय पुस्तिका* २०६९, काठमाडौं : लेखक।

नेपाल सरकार, शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), *नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री २०७२,* काठमाडौं : लेखक।

पाठ्यक्रम विकास केन्द (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३,* भक्तपुर : लेखक।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *आधारभूत तहको पाठ्यक्रम (कक्षा १–३) २०७६,* भक्तपुर : लेखक।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६,* भक्तपुर : लेखक

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

यादव, योगेन्द्रप्रसाद (२०७४), नेपालमा बोलिने भाषा : सङ्कट र सम्भावना, *साठी वर्षको भाषिक चर्चा,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

यादव, योगेन्द्रप्रसाद र ढकाल, दुविनन्द (२०६८), बहुभाषिक शिक्षा किन ?, *प्रज्ञा,* अङ्क १०६, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

रेग्मी, दानराज (सन् २०१७), नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण : समीक्षत्मक विश्लेषण, *गिपन,* अङ्क ३:२ नोवेम्बर, काठमाडौं : भाषाविज्ञान केन्द्रीय विभाग।

सील, अमाण्डा, यादव, योगेन्द्रप्रसाद र कँडेल सदानन्द (२०७३), *शिक्षणको माध्यम र शिक्षाका भाषाहरू नेपालमा शिक्षाका नीति, योजना र अभ्यासका लागि अबको बाटो,* काठमाडौं : ट्रान्सेन्ड भिजन नेपाल।